# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, फागुन २५ गते २०६० साल (संख्या ४७

## भाग ३

### श्री ५ को सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी औद्योगिक प्रवर्द्धन बोर्डको सिफारिशमा चौपायाबाट गरिने परिवहन (तान्ने र बोक्ने) व्यवसायलाई सेवा उद्योगमा वर्गीकरण गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
दिनेशचन्द्र प्याकुर्‍याल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी विशेष शिक्षा परिषद्को अनुदानमा सुस्त मनस्थितिका बालबालिकाहरूको पठन पाठन तथा व्यवसायिक प्रशिक्षणको लागि सञ्चालित निर्मल बाल विकास विद्यालय, बानेश्वरलाई Himalayan Snacks and Noodles Pvt. Ltd. मार्फत सहयोग स्वरुप प्राप्त हुने सवारी साधन (मिनीबस) को आयातमा लाग्ने भन्सार महसुलको ५० प्रतिशत र अन्तःशुल्क पूर्णरुपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी गुल्मी अर्घाखाँची ग्रामीण विकास परियोजना समाप्त भै यस मन्त्रालयमा बुझाएको सवारी नं. ७२-०-२५ इञ्जिन नं १८ L १४३६४, च्यासिस नं. SALLJGMF7TA ५१०७८८ को सवारी साधन पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजनालाई हस्तान्तरण गरेको र त्यसरी कुटनीतिक सुविधा प्राप्त सवारीलाई सरकारी सवारीमा परिवर्तन गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी महसुल र अन्य करहरू पूर्णरुपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी चितवन जिल्लास्थित मालपुर निम्न माध्यमिक विद्यालय, मालपुरमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि जर्मन नागरिकद्वय Ingeborg Walther र Johannes Walther बाट सहयोग स्वरुप प्राप्त हुने युरो ६१९ मूल्य बराबरको कम्प्युटर थान ५, सोका सामग्रीहरू एवं रेडियो तथा क्यामरा १/१ थानको आयातमा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूर्णरुपमा छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी आशिकुडा आयोजनाको कामका लागि UNCTAD बाट खरिद गरी UNDP को नाममा दर्ता भई सञ्चालन भइरहेका देहायका २ थान सवारी साधनहरू UNCTAD ले श्री ५ को सरकारलाई हस्तान्तरण गरी भन्सार विभागको नाममा नामसारी गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूर्णरूपमा छूट गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१) महेन्द्रा आर्मदा जीप (डिजेल)
दर्ता नम्बरः ६६-१-०६५३
दर्ता मितिः २०५४।७।१२
सिलिण्डर संख्याः ४
हर्ष पावर/सि.सिः २११२
च्यासिस नम्बरः ARMADA 4HV-DV-32718
इञ्जिन नम्बरः DV-32718
मोडल नम्बरः 1997
रङ्गः सेतो

२) टोयोटा राव ४ (जीप टाइप) पेट्रोल
दर्ता नम्बरः ६६-१-०६५२
दर्ता मितिः २०५३।१२।११
सिलिण्डर सख्याः ४
सि.सि. : १९९८
च्यासिस नम्बरः SX11-0064892
इञ्जिन नम्बरः 3S-6917654
मोडल वरनः 1996
रङ्गः निलो

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी सडक विभाग अन्तर्गत अरनिको राजमार्ग आयोजनाको नाममा २०५० सालमा महसुल छूटमा पैठारी भई कुटनीतिक सुविधा प्राप्त सवारीमा दर्ता भएको सवारी नं. ५३-००-१८८ को कार सरकारी सवारीमा परिवर्तन गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८४

## सूचना ६

श्री ५ को सरकारले नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ को दफा ५२ को उप-दफा (७) ले दिएको अधिकार प्रयोग गरी श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र २०६० अङ्कित देहायबमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू निष्काशन गर्न नेपाल राष्ट्र बैंङ्कलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

अग्रभाग: वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०६० रही स्वस्तिक चिह्नभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठभाग: वरिपरि ६४ थोप्लाभित्र सबभन्दा माथि अर्धगोलाकार रूपमा नेपाल नेत्र ज्योति संघ, त्यसको तल रजत जयन्ती, सिक्काको बायाँ रू. २५, दायाँ Rs. 25, सिक्काको बीचमा गोलाकारभित्र बलिरहेको दियो, त्यसको माथि अर्धगोलाकार रूपमा तमसोमा ज्योतिर्गमय, दायाँ बायाँ आँखा, दियोको तल LET THERE BE SIGHT, त्यसको तल SILVER JUBILEE, सोको तल २०३५-२०६० र सबैभन्दा तल नेपाल, NEPAL उल्लेख भएको ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | रू. २५। |
| तौल | ८.५ ग्राम |
| धातु | क्यूप्रोनिकेल |
| व्यास | २९ मि. मि. |
| सिरेशन | धर्सो भएको |
| रङ्ग | सेतो |
| अधिकतम निष्काशन | १०,००० थान |

## सूचना ७

श्री ५ को सरकारले आर्थिक अध्यादेश २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रलाई Philips Medical Systems, नेदरल्याण्डबाट सहयोग स्वरुप प्राप्त हुने युरो ४३,४७२।५० मूल्य बराबरको Cath Lab Machine Parts को आयातमा १ प्रतिशत भन्सार महसुल लिई बाँकी महसुल र मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ८

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी DFID बाट श्री ५ को सरकार, अर्थ मन्त्रालयलाई हस्तान्तरण भएको ६०-०-६५ नम्बरको मारुती जिप्सीको स्वामित्व परिवर्तन गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूर्ण रुपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी गुल्मी अर्घाखाँची ग्रामीण विकास परियोजना समाप्त भई यस मन्त्रालयमा बुझाएका देहाएमा उल्लिखित सवारी साधनहरू सम्बन्धित जिल्ला विकास समिति गुल्मी र अर्घाखाँचीलाई नै हस्तान्तरण गरेको र त्यसरी कुटनीतिक सुविधा प्राप्त सवारीहरूलाई सरकारी सवारीमा परिवर्तन गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूर्ण रुपमा छुट गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**जिल्ला विकास समिति अर्घाखाँचीलाई हस्तान्तरण गरिएका सवारीहरू**

१. सवारी नं.: ७२-०-२९
   इञ्जिन नं.: 16L48495A
   चयासिस नं: SALLDHMF 6TA992956

२. सवारी नं.: ७२-०-३१
   इञ्जिन नं.: 16L48602A
   चयासिस नं: SALLDHMF 6TA993113

**जिल्ला विकास समिति गुल्मीलाई हस्तान्तरण गरिएका सवारीहरू**

१. सवारी नं.: ७२-०-२६
   इञ्जिन नं.: 16L56136A
   चयासिस नं.: SALLDKHF 7VA 109760

२. सवारी नं.: ७२-०-३२
   इञ्जिन नं.: 16L48802A
   चयासिस नं.: SALLDHMF 7TA993203

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## भूल सुधार

खण्ड ४९, संख्या २३, मिति २०५६।६।३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस अदालतको भूलसुधार सम्बन्धी सूचनाको बीसौं हरफमा '९३क' हुनुपर्नेमा अन्यथा भएको, खण्ड ५२, संख्या १७, मिति २०५९।४।२० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित जिल्ला अदालत (तेस्रो संशोधन) नियमावली, २०५९ को नियम २९ मा 'मूल नियमावलीको नियम ९३क. मा संशोधनः मूल नियमावलीको नियम ९३क. को उपनियम (२) र (३) झिकि-एका छन् ।' हुनुपर्नेमा अन्यथा भएको र खण्ड ५३, संख्या ३९, मिति २०६०।९।२८ को नेपाल राजपत्र भाग ३ मा प्रकाकित सर्वोच्च अदालत (छैठों संशोधन) नियमावली, २०६० को नियम ४ को उपनियम (२) मा 'नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५०' हुनुपर्नेमा 'नेपाल कानुन व्यवसायी ऐन, २०५०' भएको र नियम ३२ बाट मूल नियमावलीमा थपिएको नियम ११५क. को उपनियम (४) मा 'इजलाश अधिकृत' हुनुपर्नेमा 'ईजलास सहायक' भएकोले भूलसुधार गरिएका छ ।

सर्वोच्च अदालत



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४